गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/०३/१७

# लैगिंक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीतिक योजना

## आ.व. २०७९/०८० देखि आ.व २०८४/०८५ सम्म

## सिम्ता गाउँपालिका, राकम, सुर्खेत, कर्णाली प्रदेश ।

**प्रमाणित गर्ने**

नामः ऐन बहादुर चन्द

पदः अध्यक्ष

मितिः २०७९/०३/१७

पृष्ठ संख्याः ३३

दस्तखतः

# दुई शब्द

नेपालको संधिवानले लैंगिक तथा सामाजिक समावेशी समाजको परिकल्पना गरेको छ । संविधानको प्रस्तावनामा नै लैगिंक विभेद अन्त्यगरी समानुपातिक समावेशी र सहभागिमुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने उल्लेख गरिएको छ । महिलाको हक, दलितको हक, बालिबालिकाको हक, सामाजिक न्यायको हक लगाएतका हक अधिकारहरु संविधान प्रदत्त हकहरु हुन् । संविधानमा व्यवस्था भएका हकहरू कार्यान्वयन गरी नागरिकलाई महशुस गराउने जिम्मेवारी स्थानीय सरकारको पनि हो ।यसै गरी पालिकालाइ लैङ्गिक तथा सामाजिक समावेशी गाँउपालिका बनाउन सिम्ता गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणानीतिक योजना बनाएको हो ।
लैङ्गिक, जातीय तथा वर्गिय विभेद रहित समतामुलक, न्यायपुर्ण समृद्ध सिम्ता गाउँपालिकाको निर्माण गर्ने दूरदृष्टि लिएर यो रणनीति निर्माण भएको हो । यो रणनीतिक योजनाले सिम्ता गाउँपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाउने, महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने उद्देश्य लिएको छ । यो रणनीतिक योजनाले दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिकाका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने उद्देश्य लिएको छ । नेपालले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरु स्थानीय तहसम्म कार्यान्वयन गर्नु सिम्ता गाउँपालिकाको दायित्व पनि हो ।पालिकालाइ हिंसा रहित बनाउन पालिकामा सामाजिक न्याय स्थापना गर्न समेत यो रणनीतिक योजनाले मद्दत गर्नेछ ।

यो रणनीतिक योजना निर्माण गर्न नेतृत्व गर्ने कार्यदल, रणनीति निर्माणमा खट्नु भएका सिम्ता गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरू सबैलाइ म हार्दिक धन्यवाद दिन चाहन्छु । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री सिम्ता गाउँपालिका निर्माण गर्न यो योजनाले महत्वपूर्ण भूमिका खेल्न सबै सरोकारवालाहरूको सकारात्मक योगदानको अपेक्षा गर्दछु।

ऐन बहादुर चन्द
अध्यक्ष

## बिषयसूची

१. पृष्ठभुमि........................................................................................ ५

१.२ सिम्ता गाँउपालिकाको परिचय.................................................................... ६

१.३ सिम्ता गाउँपालिका/गाँउपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति योजना तयारीको उद्देश्य ........................................................................ ७

१.४ रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया................................................ ७

२. सिम्ता गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था र सन्दर्भ विश्लेषण........... ९

२.१ सिम्ता गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था.......................... ९

२.२ लक्षित समूहहरुको नक्साङ्कन....................................................................१०

२.३ सरोकारवालाहरुको विश्लेषण......................................................................११

२.४ सिम्ता गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिबाट सवलपक्ष र कमजोर पक्ष (आन्तरीक पाटो) तथा अवसर र चुनौती वा बाधा -बाहिय पाटो) को विश्लेषण र साराशंमा मुख्य पक्षहरु.......१३

२.५ सिम्ता गाउँपालिका र वडागत रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा प्रमुख समस्या तथा सवालहरु..............................................................................१५

२.६ सिम्ता गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको लागी मुख्य कार्यक्षेत्रहरु ..............................................................................................१६

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु..............................................................................१६

............................ सिम्ता गाउँपालिकाको दीर्घकालिन सोचः ..........................................१६

ध्येयः......................................................................................१६

लक्ष्यः “लैङ्गि ..............................................................................१६

उदेश्यहरुः ..................................................................................१६

रणनीतिको औचित्य वा आवश्यकता ..........................................................१७

रणनीतिक योजनाको मुल्य मान्यता तथा सिद्दान्तहरु................................................१७

३.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरणको रणनीतिहरु ........................... १८

३.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना ..............................................................................................१९

३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी आवश्यक संस्थागत व्यवस्था..................................................................... २९

३.४.१. सिम्ता गाउँपालिकास्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको गठन ........ २९

३.४.२. वडास्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन........ २९

३.४.३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार .३०

३.४.४. वडास्तरको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार........३०

३.४.५. बैठक, कार्यविधि र सेवासुविधा ........ ३१

३.४.६ सम्पर्क व्यक्ति........३१

३.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिकार्यान्वयनको लागि स्रोत परिचालन........ ३१

३.५.१ आर्थिक स्रोत ........ ३१

३.५.२ मानवीय स्रोत........३२

३.६ अनुगमन तथा मूल्याङ्कन........३२

३.७ सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु........३२

## १.पृष्ठभुमि

नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। महिलाको हकसम्बन्धी धारा ३८ ले समानवंशीय अधिकार, सुरक्षित मातृत्तव प्रजनन् स्वास्थ्य सम्बन्धी, राज्यका दसवै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।

यसका साथै हुने हिंसा जन्य कार्यहरु कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। समानताको हकले नागरिकहरु  सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतकोसंरक्षण, सशक्तीकरण र विकासको लागि संविधानमा विशेष प्रावधानहरु राखिएको छ। सामाजिक न्यायको हकले तीन वटै तहका सरकारहरुले समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा नागरिक सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लैङ्गिक समानता तथा सामजिक समावेशीकरण (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) सम्बन्धी व्यवस्था प्रस्तावनामानै उल्लेख गरिएको छ। यसका अलवा दफा ११ को गाउँपालिका तथा सिम्ता गाउँपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा २ (त) मा  ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तरगत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसिमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकूल, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा सिम्ता गाउँपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ।
संयुक्त राष्ट्रसङ्घको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ। दिगो विकासका

लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरिबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ। यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनि रहेका बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, पछाडी पारिएका समुदाय जस्तै, दलित, जनजाती, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ। चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि कोहि पनि पछाडि नछुट्ने भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अङ्गीकार गरेको छ। पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७- २०८०/०८१ को आधारपत्रमा

क) लैङ्गिक समानता तथा महिला सशक्तीकरण

ख) बालबालिका तथा किशोरकिशोरी

ग) ज्येष्ठ नागरिक

घ) अपाङ्गता भएका व्यक्ति

ङ) सामाजिक सुरक्षा तथा संरक्षण

च) समावेशीकरण लगायतका विषयहरुलाई अलग अलग शीर्षकमा राखिएको छ।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशी सिद्धान्तका आधारमा स्थानीय तहका सबै नीति योजना, कार्यक्रम तथा संरचनाका सबै अङ्गहरुमा महिला, दलित, आदिवासी जनजाती, , मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समान सहभागी गराई लैङ्गिकसमानता तथा सामाजिक समावेशीमैत्री सिम्ता गाउँपालिका बनाउने परिकल्पना अनुरुप लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले "सिम्ता गाँउपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" मूलप्रवाहीकरण रणनीतिक योजना तर्जुमा गरिएको छ।

## १.२ सिम्ता गाँउपालिकाको परिचय

कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरु मध्ये सुर्खेत पनि एउटा हो । यस जिल्लाका ९ वटा स्थानीय तहहरू मध्ये सिम्ता गाँउपालिका हो । नेपाल सरकारको निर्णय बमोजिम मिति २०७३ फागुन २७ मा साविक घोरेटा, काफलकोट, आग्रीगाउँ, बजेडिचौर, राकम, काप्रिचौर, डाँडाखाली र खानीखोला गाउँ विकास समितिलाई जोडेर सिम्ता गाउँपालिका घोषणा गरिएको यस सिम्ता गाउँपालिकामा हाल ९ वटा वडा रहेका छन् । यस सिम्ता गाउँपालिकाको कुल क्षेत्रफल २४१.६४ वर्ग कि.मि. रहेको छ।राष्ट्रिय

जनगणना २०७८ अनुसार यस सिम्ता गाउँपालिकाको कुल जनसङ्ख्या २४२९८ रहेको छ, जसमा पुरुषको जनसङ्ख्या १०७४० महिलाको जनसङ्ख्या १३५५८ रहेको छ ।

## १.३ सिम्ता गाँउपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति योजना तयारीको उद्देश्य

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको माध्यमबाट सिम्ता गाँउपालिकाले तर्जुमा गर्ने नीति, कानून तथा योजना, संस्थागत संरचना, मानव संसाधन तथा क्षमता विकास तथा सेवा प्रवाहका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी समावेशी लोकतन्तत्रलाई संस्थागत गर्दै सामाजिक न्याय कायम गर्नुका साथै राज्यका सबै संयन्त्रहरूमा सम्पूर्ण तह वा वर्गका नागरिकको समतामुलक पँहुचस्थापित गर्नु रहेको छ ।

**रणनीतिक योजनाका विशेष उद्देश्यहरू निम्नलिखित रहेका छन्।**

क) सिम्ता गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी शासन व्यवस्थाको प्रवर्द्धन गर्ने ।

ख) सिम्ता गाउँपालिकाको योजना तर्जुमा प्रकृयालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउने ।

ग) सिम्ता गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने ।

घ) सिम्ता गाउँपालिकाको नीति, कानून, संरचना, कार्यक्रम, योजनाका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

ङ) सरोकारवालाहरु बिच लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको बुझाईमा एकरुपता कायम गर्न र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्ने ।

च) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा गरिएका प्रतिवद्धताहरु, कार्य योजनाहरु तथा दिगो विकास लक्ष्य प्राप्त गर्न सहयोग गर्ने।

छ) लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै स्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था गर्ने ।

## १.४ रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया

सिम्ता गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना सिम्ता गाउँपालिकाको मार्गनिर्देशनमा विविध क्षेत्रमा संलग्न सरोकारवालाबिच गरिएको परामर्शबाट तयार पारिएको हो। यो रणनीतिक योजना तयार गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ११

सदस्यीय कार्यदल गठन गरिएको छ। कार्यदलले रणानीतिक योजना निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । सिम्ता गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति तर्जुमाका लागि देहायका विधिहरु अवलम्वन गरिएको छ।

क) **दस्तावेज अध्ययन** : कार्यदल र विज्ञ टोलीले नेपालको संविधान २०७२, १५ औ पञ्चबर्षिय योजनाको अवधारणा पत्र, स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि प्रावधानहरु, दिगो विकास लक्ष्य ५, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु, लैङ्गिक समानता नीति २०७७, स्थानीय सरकारको समावेशीकरण नीति २०७८ तथा सिम्ता गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, बार्षिक प्रगती प्रतिवेदन, सिम्ता गाउँपालिकाको गुरुयोजना तथा पालिकाको लैङ्गिक हिंसा निवारण सञ्चालन कार्यविधि, २०७७, अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि,(२०७७ पहिलो संशोधन), बालअधिकार संरक्षण तथा प्रर्वद्धन सम्बन्धी कार्यविधि, २०७७, समूह/समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०७७ आदी अध्ययन गरियो ।

ख) **मुख्य सरोकारवालाबाट जानकारी**ः सिम्ता गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष सहित १७ जना कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत , महिला तथा बालबालिका शाखा प्रमुख, सामाजिक विकास समितिका संयोजक, न्यायिक समिति, मनोसामाजिक परामर्शकर्ता, बादी समुदाय अगुवा, महिला सञ्चालका अगुवा, एकल महिला तथा जेष्ठ नागरिक, अपाङ्गता क्षेत्रका अगुवा तथा मेलमिलापकर्ता साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रमुखहरुसँग अन्तवार्ता र छलफल गरी जानकारी संकलन गरियो।

ग) **परामर्श कार्यशाला** : अध्यक्ष, उपाध्यक्ष सहित कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु, लक्षित समुहका प्रतिनिधिहरुको उपस्थितिमा २ दिने कार्यशाला आयोजना गरिएको थियो ।उक्त कार्यशालामा समुहगत छलफलबाट सिम्ता गाउँपालिकाको अवस्था विश्लेषण, सवाल पहिचान तथा लक्षित समुहहरुको नक्साङ्कन गरी प्राथमिकिकरण गरियो।

घ) **लक्षित वर्ग केन्द्रित छलफल**ः कार्यशाला गोष्ठीको छलफल र समुहगत कार्यबाट प्राथमिकिकरणमा परेका लक्षित समुहहरुसँग (अपाङ्गता भएका व्यक्ति, दलित महिला, बादी समुदाय, एकल महिला, ज्येष्ठ नागरिक) मा गएर समुह केन्द्रित छलफल गरियो । समुह केन्द्रित छलफलवाट समुदायमा रहेका लक्षित वर्गको अवस्था र आवश्यकताको वारेमा जानकारी संकलन गरियो ।

ङ) **मस्यौदा प्रस्तुतीकरण बैठक** : माथि उल्लेख भए बमोजिमका विधिद्दारा प्राप्त सुचनाको विश्लेषणको आधारमा तयार पारिएको मस्यौदा रणनीति योजना बारे पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिईएको थियो।

## २. सिम्ता गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था र सन्दर्भ विश्लेषण

### २.१ सिम्ता गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

क) सिम्ता गाउँपालिकाले विगत ५ वर्ष देखि नै समुदायमा पछाडी पारिएका वा परेका समुदायहरु जस्तै दलित, आदिवासी जनजाती, पिछडा वर्ग, सिमान्तकृत महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक , एकल महिला र हिंसा पीडित महिलाहरु लगाएतलाई विकासको समग्र प्रकृयामा मुलप्रवाहीकरण गर्ने प्रयास निरन्तर रहेको छ।सिम्ता गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लाई प्रवर्द्दन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास गरेको छ।महिला,घरेलु तथा अन्य हिंसा न्यूनीकरण गर्नविशेष संरक्षणको आवश्यकता भएका हिंसा पिडित महिलाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्नको लागि सिम्ता गाउँपालिकाले लैङ्गिक हिंसा निवारण को सञ्चालन कार्यविधि, २०७७, अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि,(२०७७ पहिलो संशोधन), बालअधिकार संरक्षण तथा प्रर्वद्धन सम्बन्धी कार्यविधि, २०७७, समूह/समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०७७ निर्माण गरेको छ।

वार्षिक योजना तथा बजेट विनियोजन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीको लागि छुट्टै शीर्षकमा बजेट विनियोजन गर्ने गरेको छ। साथै आर्थिक रुपले विपन्न लगायत नागरीकको संरक्षण, सशक्तीकरण , सचेतना विकासका लागि आय आर्जनका कार्यक्रमहरु रहेका छन् ।

सिम्ता गाउँपालिकामा महिलाको सामाजिक, आर्थिक तथा शारीरिक विकासको लागि नेतृत्व क्षमता विकास तालिम, कानूनी सचेतता कार्यक्रम, विपन्न वर्गहरुलाई निशुल्क स्वास्थ्य बीमा, जेष्ठनागरिकहरुलाई निशुल्क स्वास्थ्य शिविर, विपन्न र जटिल प्रकृतिका सुत्केरी महिलाहरुका लागि निशुल्क एम्वुलेन्स सेवा, अपाङ्गता छात्रावास निर्माण र निशुल्क स्वास्थ्य शिविर

विविध दिवसहरु मनाउने गरेको छ। समुदाय स्तरमा गठन हुने समिति उपसमिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व सुनिश्चितता गरिएको छ। प्रजनन् स्वास्थ्य तथा पोषण कार्यक्रमहरु र सुनौलो हजार दिन, यौन शिक्षा, किशोरी शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन। जतिय हिसावले विविधता रहेको सबै आदीवासी जनजाति, दलित लगायत अन्य जातजातिको मौलिक संस्कृति र परम्परालाई संरक्षण गर्दै समाजको समविकासको मान्यतालाई आत्मसाथ गर्दै आएको छ।

स्थानीय तह भित्र आफ्नै उत्पादनले जम्मा तिन महिना सम्म मात्र खान पुग्ने परिवारको संख्या १७३२ रहेको छ, यसले गरिबीको अवस्था समेत देखाउंछ। यस्ता विपन्न तथा गरिब परिवारको पहिचान गरी

आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि पालिकाले विभिन्न सीप विकास तथा आयआर्जनका कार्यक्रमहरु गर्दै आएका छन् । महिला उधमशिलता विकासको लागि सीपमूलक तालिम संचालन गरिएको छ ।त्यस्तै जेष्ठ नागरिकको समुह गठन गरी सेवा केन्द्र संचालन तथा सम्मानका कार्यक्रमहरु पनि गरिएको छ। लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको पहिचान गरी उनिहरुको संरक्षणको लागि सिम्ता गाउँपालिकाले काम गर्दै आईरहेको छ।

## २.२ लक्षित समूहहरुको नक्साङ्कन

सिम्ता गाउँपालिकाको प्रोफाईल अध्ययन, बस्तुस्थिति विश्लेषण, कार्यशाला गोष्ठि, मुख्य सुचनादाताहरु संगको अन्तरवार्ता, लक्षित समूहसंगको छलफल र अन्तरकृया वाट यस सिम्ता गाउँपालिकाको लक्षित समुदाय र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सँग सम्वन्धित सवालहरु निम्न रहेका छन् ।

| **क्र.स** | **लक्षित वर्गको प्राथमिकिकरण** | **समस्या/सवाल** |
|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्ति – ३६५ रातो कार्ड-४५, निलो-१२८ पहेलो-९० सेतो-१०२ | • अपाङ्गता मैत्री भौतीक संरचना नहुनु<br>• क्षमता अनुसारको रोजगारीका अवसरहरुको अभाव<br>• पूर्ण आपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाहा तथा स्याहार गर्नुपर्ने हुँदापरिवारको सदस्य व्यस्त भइआर्यआर्जन गर्न कठिनाई<br>• सहायक सामाग्रीको सहजै उपलब्धता नहुनु |
| २ | दलित | • आर्थिक अभाव, गरिबी<br>• स्रोत र साधनमा न्युन पहुँच<br>• निर्णय प्रकृयामा न्युन सहभागिता<br>• बेरोजगारी<br>• सुचनाको अभाव<br>• शिक्षामा न्यून पहुँच साथै बालबालिकामा विद्यालय छोड्ने समस्या<br>• जनचेतनाको अभाव<br>• सामाजिक विभेद |
| ३ | महिला वडा नं २ र ९ मा वढी रहेको | • आयआर्जनको स्रोतमा न्युन पहुँच तथा नियन्त्रण<br>• घरेलु तथा लैङ्गिक हिंसा<br>• निर्णायकतहमा न्युन सहभागिता<br>• जनचेतनाको अभाव<br>• ज्यालामा विभेद<br>• प्रजनन् स्वस्थ्यमा समस्या<br>• समाजिक विभेद |
| ४ | जेष्ठ नागरीक | • पारिवारीक बोझको सामना<br>• स्वस्थ्य परिक्षणमा समस्या |

| | | |
|---|---|---|
| | | • एक्लोपन<br>• नैरास्यता |
| ५ | ........................ | • गरिव तथा आर्थिक अभाव<br>• बसाईको स्थायीत्व नहुने<br>• बालबालिका बिद्यालय जना बाट वञ्चित<br>• लैङ्गिक हिंसा<br>• सिलौटा बनाउने काममा निर्भर<br>• सरसफाई तथा फोहोर मैला व्यवस्थापन |
| ६ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | • पहिचानमा समस्या<br>• सामाजिक विभेद<br>• आर्थिक अभाव |

## २.३ सरोकारवालाहरुको विश्लेषण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीतिको प्रभावकारी कार्यान्वयन तथा यस क्षेत्रमा काम गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी दातृ साझेदारहरु, सामुदायिक संस्थाहरु र नागरिक संस्थाहरू नै मुख्य सरोकारवाला हुन् । सिम्ता गाउँपालिका क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा तथा कार्यान्वयन गर्न निम्नबमोजिमका सरोकारवालाहरू रहेका छन् ।

| **क्र.स** | **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला** | **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरणको लागि सरोकारवालाको भुमिका तथा कार्य** |
|---|---|---|
| १ | सिम्ता गाउँपालिका | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति , रणनीति, कार्यविधि, कार्ययोजना  निर्माण गर्ने<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि आवश्यक बजेट बिनियोन गर्ने<br>• योजना, कार्यक्रम तथा बजेटको अनुगमन तथा मुल्याङ्कन गर्ने |
| २ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यन्वयन समिति | • सिम्ता गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि ,योजना र अन्य प्रकाशीत दस्तावेजमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयबस्तुको समावेश गरी मुलप्रवाहीकरण गर्ने<br>• योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्रविधिक सहयोग गर्ने<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता अभिवृदि योजना तयार गरीलागु गराउने |

| | | |
|---|---|---|
| | | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्ने |
| ३ | न्यायिक समिति | • सिम्ता गाउँपालिका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरुमा निर्णय गर्ने र अन्य मुद्दाहरुमा सम्बन्धीत निकायमा सिफारीस गर्ने<br>• सबै वडातहमा मेलमिलाप केन्द्र संचालन गर्ने |
| ४ | महिला तथा बालबालिका शाखा | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी वनेका रणनीतिको कार्यान्वयन गराउने<br>• महिला बालबालिका तथा लक्षित वर्गको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको शीर्षकमा विनियोजन भएको बजेटको समयमानै खर्च गर्ने<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रावधानहरु र प्रतिवद्दताहरुबारे कर्मचारी तथा पदाधिकारीहरुलाई सचेतिकरण गरी कार्यान्वयनमा ल्याउन नेतृत्वदायी भुमिका खेल्ने |
| ५ | वडा समिति | • वडातहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यस्थापन गर्ने<br>• योजना छनोट प्रकृयामा महिला तथा लक्षित वर्गसंग छुट्टा छुट्टै छलफल गरी उनिहरुको व्यवहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्रथमिकिकरण गर्ने<br>• टोल स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी सचेतना कार्यक्रम गर्ने |
| ६ | मेलमिलाप कर्ता | • वडा स्तरमा हुने विवादको समाधान तथा समाधान हुन नसक्ने मुद्दालाई न्यायिकसमिति तथा अन्य निकायमा सिफारीस गर्ने। |
| ७ | टोल विकास संस्था | • टोलमा संचालन हुने विकास निर्माण, योजनाहरुको तर्जुमा तथा कार्यान्वयनमा महिला तथा लक्षित वर्गको सहभागिताको सुनिश्चित गराउने<br>• टोलमा बसोवास गर्ने गरिव, अपाङ्गता भएका व्यक्ति, तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहयोग गर्ने<br>• सबै प्रकारको हिंसा, बालश्रम तथा बाध्यामक श्रम, बालविवाह लगाएतका सामाजिक अपराध तथा खराविहरु अन्त्य गर्ने जनचेतना अभिवृद्दी गर्ने<br>• आफ्नो टोललाई वातावरणमैत्री बालमैत्री, पोषणमैत्री, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री र पुर्ण सरसफाई युक्त बनाउन कार्यक्रम संचालन गर्ने |

| | | |
|---|---|---|
| | | • टोलविकासमा सबै वर्गलाई निर्णय प्रकृया र स्रोत परिचालनमा सहभागी गर्ने |
| ८ | इलाका प्रहरी (महिला सेल) | • घरेलु हिंसा, यौनजन्य वा अन्य लैङ्गिक हिंसाको उजुरीको सुनुवाई गरीपीडितलाई संरक्षण र दोषि उपर कार्वाही गर्ने |
| ९ | नागरीक समाज(बाल क्लव, युवा क्लब, आमा समुह, गैर सरकारी संघ संस्थाहरु) | • महिला तथा बञ्चितिकरणमा परेका समूहका लागि सामाजिक परिचालनका क्रियाकलापहरुमा सहयोग गर्ने<br>• समावेशी सवालमा अवाज उठाउने र कार्यगत सिकाईको अभिलेखिकरण गर्ने<br>• सामाजिक विभेद तथा कुरुती विरुद्द आवाज उठाउने र जनचेतनामुलक कार्यक्रम गर्ने |
| १० | महिला सहकारी संघ संस्थाहरु | • महिला तथा बञ्चितिकरणमा परेका समूहहरुका लागि आर्थिक प्राविधिक र व्यावसायीक सहयोग पुर्याउने<br>• महिलाको उधमशिलता विकासका लागि लगानी तथा क्षमता विकास गर्ने<br>• उधमशीलता विकासको लागि लगानी गरी उत्पादित बस्तुको बजारिकरणको व्यवस्था गर्ने |
| ११ | समुदाय | • कार्यक्रम कार्यान्वयनका लागि साझेदारीको रुपमा काम गर्ने<br>• समाजमा विद्यमान विभेदकारी प्रचलनका विरुद्ध आवाज उठाउने र छलफल गराउन सहयोग गर्ने<br>• सेवा प्रदायक निकाय, संघसंस्थाको व्यवहार, कार्यशैली एवं क्रियाकलापहरुको निगरानी गर्ने |
| १२ | जिल्ला प्रहरी कार्यालय/ जिल्ला प्रशासन कार्यालय | • हिंसा पीडितको उजुरी लिने<br>• पीडितको संरक्षण गर्ने<br>• घटनाको अनुशन्धान गरी प्रमाणको आधारमा पीडक विरुद्ध अदालतमा मुद्धा दर्ता गर्ने |
| १३ | जिल्ला अदालत | • हिंसा पीडित लाई न्याय दिने<br>• वाल, महिला तथा नागरिक अधिकारको रक्षा गर्ने |

## २.४ सिम्ता गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिबाट सवलपक्ष र कमजोर पक्ष (आन्तरीक पाटो) तथा अवसर र चुनौती वा बाधा-बाहिय पाटो) को विश्लेषण र साराशंमा मुख्य पक्षहरु

| सबल पक्षहरु | सुधार गर्नुपर्ने |
|---|---|
| | |

| | |
|---|---|
| • सिम्ता गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको शीर्षकमा बजेट विनियोन भएको र बिनियोजित रकमको समयमै खर्च हुने गरेको<br>• महिला हिंसा, घरेलु हिंसा तथा अन्य हिंसाका पीडितलाई संरक्षण गरी पुनर्उत्थानको लागि "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, बाल आधिकार संरक्षण तथा प्रर्वद्धन सम्बन्धी कार्यविधी , समूह समिति गठन तथा व्यवस्थापन कार्यविधि सञ्चालनमा रहेको ।<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई शारीरिक अवस्थाको आधारमा परिचय पत्र र सहुलियत कार्यक्रम साथै अपाङ्गता परिचय वितरण कार्यविधि तयार गरिएको<br>• महिला विकास शाखामा दक्ष र यथष्ट जनशक्ति हुनु<br>• कर्मचारी तथा पदाधिकारीहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयमा सचेत रहेको<br>• सिम्ता गाउँपालिकाले गठन गर्ने उपभोक्ता समिति, विषयगत समिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको निर्णायक तहमा समानुपातिक प्रतिनिधित्व रहेको<br>• सिम्ता गाउँपालिका भित्रको सरकारी कार्यालयहरुमा छात्रा तथा महिला मैत्री शौचालय<br>• सुत्केरी तथा गर्भवती महिलालाई पोषण युक्त कार्यक्रम<br>• गरिब तथा विपन्न परिवारका बालबालिकालाई निशुल्क झोला, पुस्तक तथा पोशाक वितरण तथा दिवा खाजाको वयवस्थापन<br>• बेरोजगार युवाहरुको पहिचान गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत रोजगारी उपलव्ध गराईएको<br>• सिम्ता गाउँपालिकाको प्रत्येक वडाहरुमा महिला उद्यमशिलता प्रवर्द्धन गरिएको । | • सिम्ता गाउँपालिकामा निर्माण भएका नीति, निर्देशिका, कार्यविधिहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोणले पुनरावलोकन गर्ने र नयाँ बन्ने नीति, कार्यविधि तथा निर्देशिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गर्नुपर्ने<br>• योजना तथा बजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षीत वर्गको अर्थपूर्ण सहभागिता गराई त्यस वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको आधारमा योजना तथा कार्यक्रमको छनौट गर्ने<br>• समिति, उपसमिति तथा कार्यदलमा प्रतिनिधित्व गर्ने महिला तथा लक्षित वर्गको क्षमता विकास गरी अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु पर्ने<br>• सिम्ता गाउँपालिकाको सबै संरचनाहरु अपाङ्गता मैत्री, महिला तथा बाल मैत्री बनाउनु पर्ने<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि आवश्यक खण्डिकृत तथ्यांक सङ्कलन र अभिलेखिकरण गर्नुपर्ने<br>• महिला हिंसा, घरोलु हिंसा निवारण तथा महिलाको नेतृत्व तहमा सक्रिय तथा अर्थपूर्ण सहभागिताको लागि रणनैतिक कार्यक्रम लागु गर्नु पर्ने<br>• महिला तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु गर्नुपर्ने<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा महिला तथा सबै लक्षित वर्गको सहभागिता गर्नुपर्ने<br>• सिम्ता गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन प्रणालीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउनु पर्ने ।<br>• अपाङ्गता मैत्री भौतिक संरचना नहुनु ।<br>• सामाजिक वहिस्कृत गर्न नहुने<br>• लैङ्गिक हिंसा, घरेल हिंसा, बालबिवाह, बोक्सीको आरोम, अपाङ्गता भएकालाई लान्छना र अत्यधिक मदिरा सेवन गरी सामाजिक अपराध बढेकाले सचेतना मुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने,<br>• लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने |
| **अवसरहरु** | **चुनौतीहरु** |

| | |
|---|---|
| • सिम्ता गाउँपालिकालाई आफ्नो आवश्यकता अनुसार सङ्घीय तथा प्रदेशको कानून सँग नबाझिने गरी नीति, निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यान्वयनको अधिकार<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु<br>• सिम्ता गाउँपालिकाको बजेट सिमा निर्धारण समितिलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गर्ने अधिकार हुनु | • सिम्ता गाउँपालिकाको सम्पूर्ण संरचनागत प्रणालीमा सबै वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु<br>• लैङ्गिक हिंसा तथा सामाजिक कुरीति हरुको अन्त्य गर्नु ।<br>• विभिन्न लिङ्ग, वर्ग र जातजाति बीच व्यवहारगत विभेद कायम रहनु<br>• ऐन, नीति तथा कानूनको व्यवहारिक कार्यान्वयन हुँदा यथास्थितिवादि सोचमा अपेक्षाकृत परिवर्तन नहुनु |

## २.५ सिम्ता गाउँपालिका र वडागत रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा प्रमुख समस्या तथा सवालहरु

१. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति, कार्यविधि तथा रणनीति प्राप्त नहुनु र कार्यान्वयन नहुनु।

२. सिम्ता गाउँपालिकाका सबै जनप्रतिनिधि, कर्मचारी तथा पदाधिकारीहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रति कम संवेदनशील रहनु ।

३. सिम्ता गाउँपालिकाको नीति, कार्यविधि, योजना छनोट तथा बजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको न्युन पहुँच रहनु।

४. सिम्ता गाउँपालिकाको सेवा प्रवाह संयन्त्र र प्रकृया लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री नहुनु ।

५. सिम्ता गाउँपालिकाको योजना तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको पहिचान नहुनु साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको समस्या तथा सवालहरुको सम्बोधन हुन नसक्नु ।

६. सिमान्तकृत समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक साथै अन्य पिछडिएको वर्ग तथा समुदायहरुमा सिम्ता गाउँपालिकाको सुचनाको कमी, अवसर र पहुँचको अभाव हुनु।

७. दलित तथा महिला, सिमान्तकृत र पिछडिएको समुदायको शिक्षामा कमी, आर्थिक अभाव, सामाजिक कुरीति र कुप्रथामा ग्रसित हुनु।

८. लैङ्गिक उत्तरदायी बजेट विनियोजन तथा नियमित रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण नहुनु

९. सिम्ता गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विस्तृत खण्डकृत तथ्याङ्कको संकलन र अद्यावधिकको अभाव हुनु

१०. सिम्ता गाउँपालिका तथा समुदाय स्तरको निर्णायक तहमा महिला तथा लक्षित वर्गको न्युन पहँच हुनु

११. सामाजिक विभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा तथा समुदायमा कुप्रथाको प्रभाव रहनु

## २.६ सिम्ता गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको लागी मुख्य कार्यक्षेत्रहरु

क) नीति कानून तथा योजना

ख) संस्थागत संरचना

ग) मानव संसाधन तथा क्षमता विकास

घ) सेवा प्रवाह

ङ) सुशासन तथा उत्तरदायित्व

च) लैङ्गिक विभेद तथा हिंसा

छ) महिला तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु

**सिम्ता गाउँपालिकाको दीर्घकालिन सोचः**"लैङ्गिक, जातीय तथा वर्गिय विभेद रहित समतामुलक, न्यायपूर्ण समृद्ध सिम्ता गाउँपालिकाको निर्माण गर्ने"

**ध्येयः**"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मुल प्रवाहिकरण तथा आन्तरिकीकरण गर्दै संरचना, नीति र कार्यप्रणाली मार्फत समतामुलक सिम्ता गाउँपालिकाको सुनिश्चितता गर्ने"

**लक्ष्यः**"लैङ्गिक समानता तथा समावेशी विकासको माध्यमद्वारा लैङ्गिक तथा सामाजिक सम्बन्धमा सुधार ल्याई आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने "

**उदेश्यहरुः**

१. सिम्ता गाउँपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाउने

२. महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने

३. सिम्ता गाउँपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूति हुने सभ्य समाजको निर्माण गर्ने

४. महिला, बालबालिका, विपन्न तथा पिछडिएको वर्गको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जवाफदेही हुनको साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी बुझाईमा एकरुपता कायम गर्न कर्मचारी तथा पदधिकारीहरुको क्षमता विकास गर्ने
५. दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिकाका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने
६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु साथै सङ्घीय तथा प्रदेश सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा गरिएका प्रतिबद्धताहरु अनुरुपको दायित्व पुरा गर्ने ।

## रणनीतिको औचित्य वाआवश्यकता

सिम्ता गाउँपालिकाले महिला हिंसा तथा अन्य विभिन्न प्रकारको हिंसा न्यूनीकरण, सामाजिक कुसंस्कार बिरुद्द जनचेतनामुलक कार्यक्रम तथा महिला तथा पिछडीएका वर्गको सशक्तिकरणको लागि निरन्तर रुपमा आफ्नो नीति, योजना तथा कार्यक्रममा लैससाको अवधारणा अनुसार कार्यक्रमहरु गर्दै आएको छ तथापीयसलाई थप नतिजामुखी र व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । समुदायमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समतामुलक, समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्नसिम्ता गाउँपालिकाको नीति निर्माण, बजेट तर्जुमा र संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री बनाउन आवश्यक छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति मार्गदर्शन हुनेछ ।

## रणनीतिक योजनाको मुल्यमान्यता तथा सिद्दान्तहरु

देहायका सिद्धान्तका आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना तर्जुमा गरिएको छ।

१. विभेदरहित(Non discrimination) : यो रणनीति कार्यान्वयन सिलशिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक तथा पिछडिएका क्षेत्र तथा समुदाय, जातजाती, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनैपनि आधारमा भेदभाव गरिने छैन।
२. सारभूत समानता (substantive equality) यो रणनीतिले लैङ्गिक समानतको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात् गरेको छ।
३. कोहि पछाडि नछुटुन (leave no one behind ) यस रणनीतिले दिगो विकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणलाई अवलम्बन गरेको छ।

४. समान सहभागिता (Meaningful Participation) यो रणनीतिले सिम्ता गाउँपालिकाको हरेक विकास कार्यक्रममा सबै लिङ्ग, वर्ग, जाती, क्षेत्र तथा समुदायकोसमानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ।

५. उत्तदायित्व तथा जवाफदेहिता : यो रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक अवस्थामा सिम्ता गाउँपालिकाका प्रतिनिधि तथा कर्मचारीहरू सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ।

६. साझेदारीता र सहकार्य: यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा कार्यरत सरोकारवालाहरुसँग समन्वय, साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ।

७. शून्य सहनशीलता (Zero Tolerance): यो रणनीतिले सिम्ता गाउँपालिका भित्र हुने लैङ्गिक तथा सबै प्रकारका विभेदर हिंसाका घटनाहरुमा शून्य सहनशिलताको नीति अङ्गीकार गरेको छ ।

८. कसैलाई पनि हानी नपुर्याउने (Do No Harm) : यस रणनीतिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्धान्त अवलम्बन गरेको छ।

## ३.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरणको रणनीतिहरु

सिम्ता गाउँपालिकाले माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरु परिपूर्ति गरी लैङ्गिक समानता तथा सामाजिक समावेशी शासन व्यवस्था स्थापित गरी सबै नागरिकको हक हितको संरक्षण र सहभागितामुलक ढंगले समानुपतिक विकास गर्ने देहाय बमोजिमको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीतिहरु अबलम्बन गरिने छ।

१. सिम्ता गाउँपालिकामा तर्जुमा भएका विद्यमान नीति, कानून, निर्देशिका, आवधिक योजना तथा मापदण्डहरुको पुनरावलोकन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ ।

२. सिम्ता गाउँपालिकाको नीति निर्माण, योजना तर्जुमा, बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न लक्षित समुदायको क्षमता विकास गरिने छ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट तर्जुमा मार्फत सिम्ता गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा पिछडिएका वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ।

४. सिम्ता गाउँपालिकाको दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गलाई समान अवसर सिर्जना गर्ने, लक्षित समुदायको नेतृत्वदायी भूमिका वृद्धि गर्नुका साथै विकासको

समान प्रतिफल र लाभको उपभोग सुनिश्चित गर्दै आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गरिने छ।

५. सिम्ता गाउँपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउन कर्मचारी, पदाधिकारी, सरोकारवाला तथा नागरिक समाजका सङ्गठनहरूको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा क्षमता अभिवृद्धि गरिने छ।

६. सिम्ता गाउँपालिकाभित्रहुनेसबैप्रकारकोलैङ्गिकविभेद, हिंसारअन्यसामाजिककु-संस्कारहरुकोअन्त्यगरीसबैलेसामाजिकन्यायप्राप्तगरेकोअनुभूतिहुनेसभ्यसमाजकोनिर्माणगर्ने।

## ३.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु<br><br>(कतिपटक वा कतिवटा) | समयावधि (कहिले गर्नेमहिना वा साल) | लक्षित समुह(कार्यक्रम वा क्रियाकलापहरु कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्वकसले लिने) |
|---|---|---|---|---|
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा हासिल गर्ने सिम्ता गाउँपालिकामा | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न आवश्यक कानून, नियमावाली, कार्यविधि तथा मापदण्डहरु तर्जुमा गर्ने | आ.व०७९/०८० सम्म | सिम्ता गाउँपालिकाको सबैको लागि | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति |
| तर्जुमा भएका नीति,कानून, निर्देशिका, आवधिक योजना, तथा | • ऐन, कानून, नीति, कार्यविधिको मस्यौदा तयार गर्ने कार्यटोली गठन गरि क्षमता विकास गर्ने | आ.व ०७९/०८० | पदाधिकारी तथा कर्मचारी | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति |
| मापदण्डहरुको पुनरावलोकन, | • सिम्ता गाउँपालिकाको विधयमान ऐन, नीति,कार्यविधि, आवधिक | आ.व २०७९/०८० बाट | सिम्ता गाउँपालिकाको | लैङ्गिक समानता तथा सामाजिक |

| | | | | |
|---|---|---|---|---|
| संशोधन साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ। | योजना तथा मापदण्डहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोणले पुनरावलोकन गरी र आवश्यकता अनुरुप संशोधन गर्ने। | सुरुवात गर्ने | सबैको लागि | समावेशीकरण कार्यान्वयन समिति |
| | • सिम्ता गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति तथा वडा तहमा वडा स्तरीय समिति गठन गरी ति समितिको जिम्मेवारी तथा अधिकारहरु स्पष्टसंग निर्क्योल गरी परिचालन गरिने छ | आ.व ०७८/०७९ | सिम्ता गाउँपालिकाको सबैको लागि | महिला विकास शाखा |
| | • सिम्ता गाउँपालिकामा कुनै पनि ऐन, नीति, निर्देशिका, कार्यविधि संकलन गर्दा महिला तथा लक्षित वर्गको सुझाव संकलन गर्ने व्यवस्था गर्ने | आ.व ०७९/०८० देखि | न.पा सबै | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति |
| | • महिला, बालबालिकातथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटकोनिश्चित प्रतिशत बजेट विनियोन गर्ने | आ.व ०७९/०८० देखि निरन्तर | महिला तथा पिछडीएका वर्गका लागि | बजेट सिमा निर्धारण समिति |
| | • सिम्ता गाउँपालिकाले तयार गर्ने नीति, कानून, योजना तथा बजेटमा महिला तथा लक्षित वर्गको आवश्कता पहिचान गरी ति आवश्यकताहरु संम्बोधनको सुनिश्चितता गरिने छ | आ.व ०७९/०८० देखि निरन्तर | महिला तथा लक्षित बर्ग | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति |
| सिम्ता | • आवधिक योजना रवार्षिक विकास कार्यकममा लैङ्गिक | आ.ब | महिला तथा | योजना शाखा |

| | | | | |
|---|---|---|---|---|
| गाउँपालिकाको नीति निर्माण, योजना तर्जुमा ,बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न ति वर्गको क्षमता विकास गरिने छ। | समानता तथा समावेशी विकासको लागि नीति, रणनीति,कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गर्ने | २०८०/२०८१ देखि | लक्षित वर्ग | महिला तथा बालबालिका विकास शाखा |
| | • महिला तथा लक्षित बर्गलाई आफ्नो हक अधिकार, पैरवी तथा नेतृत्व विकास सम्बन्धी तालिम दिने | २०८०/२०८१ सम्म | महिला तथा लक्षित बर्ग | महिला विकास शाखा/प्रशासन शाखा |
| | • बजेट तथाकार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति, , , पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छुट्टा छुट्टै छलफल गरी आवश्यकता पहिचानको आधारमा योजना छनोट गर्ने | आ.ब २०८०/२०८१ देखि | महिला तथा लक्षित वर्ग | महिला विकास शाखा, योजना शाखा |
| | • सिम्ता गाउँपालिकाको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागितागराई लक्षित समुहले छनौट गरेका योजनालाई प्राथमिकतामा राख्ने । | आ.ब २०८०/२०८१ देखि | महिला तथा लक्षित वर्ग | महिला विकास शाखा, योजना शाखा |
| | • सिम्ता गाउँपालिकास्तर, वडा स्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न संजाल, समुह तथा समितिहरुमा महिला तथा लक्षित समुदायको ४०% प्रतिनिधित्व हुने व्यवस्था गर्ने | आ.व २०८१/०८२ | महिला तथा लक्षित वर्ग | महिला तथा बालबालिका विकास शाखा |
| | • समिति, उपसमिति तथा कार्यदलमा सहभागी महिला तथा लक्षित वर्गका प्रतिनिधिलाई लाई योजना व्यवस्थापन तथा बित्त व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने | आ.व ०८१/०८२ देखि | महिला तथा लक्षित बर्गका प्रतिनिधीहरु | योजना शाखा, प्रशासन शाखा |

| | | | | |
|---|---|---|---|---|
| | • लैससाको विषयलाई अगुवाई गर्न र सम्पर्क व्यक्तिको रुपमा काम गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको स्रोत व्यक्तिहरु विकास गर्दै जाने | आ.व ०७९/०८० देखि | सिम्ता गाउँपालिकाका सबै | प्रशासन शाखा तथा महिला तथा बालवालिका विकास शाखा |
| | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी बिस्तृत खण्डकृत तथ्याङ्क तयार गर्ने र नियमित अध्यावधिक गर्ने | आ.व ०८०/०८१ सम्म | सिम्ता गाउँपालिकाका सबै | प्रशासन शाखा/ पञ्जिकरण शाखा |
| | • पालिकामा कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने कर्मचारी भर्ना नियमावली तयार गरी कार्यान्वयन गर्ने | आ.व २०८०/०८१ सम्म | महिला तथा पिछाडिएका वर्ग | प्रशासन शाखा |
| | • सिम्ता गाउँपालिकाको योजना तर्जुमा तथा छनोट भएका योजनाको जानकारी लक्षित वर्ग सम्म पुर्याउन स्थानीय सञ्चारका माध्यमवाट सम्प्रेषण गर्ने। | निरन्तर | महिला तथा पिछाडिएका वर्ग | सुचना शाखा |
| लैङ्गिक समानता तथा सामाजिक समावेशी परिक्षण र लैङ्गिक उत्तदायी बजेट मार्फत सिम्ता गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा पिछडीएका वर्गको | • सिम्ता गाउँपालिकाले लैङ्गिकउत्तरदायीतथासामाजिकसमावेशीबजेटनिर्माणएवंपरीक्षणकार्यविधि वनाई कार्यन्वयन गर्ने | आ.व २०८१/०८२ | महिला तथा पिछडिएका वर्ग | महिला विकास शाखा |
| | • अघिल्लो आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई चालु आ. ब पहिलो चौमासीक भित्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोणले परिक्षण गरिने छ | निरन्तर | न.पा सबै | महिला विकास शाखा |
| | • लैङ्गिक उत्तरदायी बजेट तथा योजना लाई सिम्ता गाउँपालिकाले | आ.व २०८१/०८२ | न.पा सबै | महिला विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| अर्थपूर्ण सहभागितासुनुश्चित गरिनेछ | आन्तरिकिकरण गरी यसको प्रभावकारी कार्यान्वयनको लागि कर्मचारी तथा पदाधिकारीको क्षमता विकास गर्ने | | | |
| | • सिम्ता गाउँपालिकाको योजना शाखाका कर्मचारी तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रका सरोकारवालाई लैङ्गिक उत्तरदायी योजना छनोट तथा बजेट विधि कार्यान्वयन सम्बन्धी क्षमता विकास गरिने छ। | आ.व २०८१/०८२ | न.पा सबै | प्रशासन शाखा |
| दिगो विकास र आर्थिक समृद्दिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भुमिका बृद्दि साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चित गर्न आर्थिक सशक्तिकरणका गतिविधिहरु संचालन गरिने छ | • सिम्ता गाउँपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका विपन्न परिवार, बेरोजगार युवा, बैदेशीक रोजगारीबाट फर्किएका पुरुष तथा महिलाको पहिचान गर्ने | आ.व २०८०-०८१ | विपन्न तथा गरिव परिवार | तथ्याङ्क व्यवस्थापन शाखा |
| | • लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवारको परम्परागत सिप, व्यवहारीक सिप र क्षमताको अध्ययन तथा पहिचान गर्ने | आ.व २०८०-०८१ | पिछडिएका समुदायका महिला तथा सिम्ता गाउँपालिकाको प्रथमिकिकरण मा परेका लक्षित बर्ग सबै | महिला विकास शाखा , उद्यमशिलता सहजकर्ता |
| | • महिला तथा लक्षित वर्गको पहिचान भएका क्षमता तथा आवश्यकताको आधारमा सीप विकास, नेतृत्व विकास, उद्यमशिलता विकास तालिम, बैङ्किङ तथा वित्तिय कारोवार सम्बन्धी शिक्षा साथै आधारभुत कानूनी क्षमता विकास गर्ने | आ.व २०८०/०८१ | पिछडिएका समुदायका महिला तथा सिम्ता गाउँपालिकाको प्रथमिकिकरण मा परेका लक्षित बर्ग | महिला विकास शाखा, उद्यमशिलता सहजकर्ता |

| | | | | |
|---|---|---|---|---|
| | | | सबै | |
| | • उद्यमशिलता तथा व्यवसाय संचालन गर्न आवश्यक रकम अनुदान तथा सहुलिय ऋण सहयोग गर्ने व्यवस्था गर्ने | आ.व२०८१/८२ | पिछडिएका समुदायका महिला तथा सिम्ता गाउँपालिकाको प्राथमिकिकरण मा परेका लक्षित वर्ग सबै | महिला विकास शाखा , उद्यमशिलता सहजकर्ता |
| | • सिम्ता गाउँपालिकाको योजनामा महिला उद्यमशिलता तथा लक्षित वर्गको व्यवसाय प्रवर्द्दन गर्ने खालको कार्यक्रम तथा आवश्यक वजेटको विनियोजन गर्ने। | आ.व २०७९/८० | पिछडिएका समुदायका महिला तथा सिम्ता गाउँपालिकाको प्रथमिकिकरण मा परेका लक्षित बर्ग सबै | महिला विकास शाखा, योजना शाखा |
| | • व्यवसायमाजोखिम न्यूनीकरणको लागि विमा व्यवस्थालाई अनिवार्य लागु गर्ने | आ.व २०७९/८० | पिछडिएका समुदायका महिला तथा सिम्ता गाउँपालिकाको प्राथमिकिकरण मा परेका लक्षित बर्ग सबै | महिला विकास शाखा , उद्यमशिलता सहजकर्ता |
| | • व्यवसाय संचालन गर्ने लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवाको समुह तथा संजाल गठन गरी आफ्नो हक र | आ.ब ०८१/०८२ | व्यवसाय गर्ने सबै | महिला विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| | आधिकरको लागि सरोकारवाला संग पैरवी गर्न क्षमता विकास गर्ने। | | | |
| | • सिमान्तकृत समुदाय तथा बिपन्न परिवारका बालबालिकालाई प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृत्ति कार्यक्रम संचालन गर्ने | आ.ब ०८०/०८१ | विपन्न तथा पिछडीएका समुदायका महिला | महिला विकास शाखा/प्रशासन शाखा |
| सिम्ता गाउँपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कनलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन कर्मचारी, पदाधिकारी ,सरोकारवाला तथा नागरिकसमाजहरु को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा क्षमता अभिबृद्धि गरिने छ। | • सिम्ता गाउँपालिकाले लैङ्गिक तथासमावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी छुट्टैशिर्षकमा बजेट विनियोजन गर्ने व्यवस्था गर्ने | आ.व २०७९/०८० | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | प्रशासन शाखा |
| | • सिम्ता गाउँपालिका स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी मास्टर प्रशिक्षक उत्पादन गरि परिचाल गर्ने | आ.व २०८१/०८२ सम्म | महिला विकास शाखाको कर्मचारी | प्रशासन शाखा |
| | • कार्यलययमा हुन सक्ने विभेदपूर्ण व्यवहार, विभेदपूर्ण भाषाको प्रयोग र कार्यालयमा हुनसक्ने हिंसा नियन्त्रणको लागि शुन्य सहनशिलताको नीति बनाउने | आ.व २०७९/०८० | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | महिला विकास शाखा |
| | • कम अवसरको प्राप्ती र कम अनुभवको अधारमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व गर्ने पदाधिकारीलाई क्षमता विकासको लागि प्राथमिकतामा राख्ने | २०७९-०८० | महिला तथा लक्षित बर्गका प्रतिनिधिहरु | प्रशासन शाखा |
| | • कर्मचारी पदाधिकारी तथा सरोकारवालालाई दिगो विकास लक्ष्य, बेईजिङ घोषणा पत्र, साथै लैङ्गिक | आ.व २०८१/०८२ | सबै विषयगत शाखाका कर्मचारी तथा | महिला विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| | समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु सम्बन्धी क्षमता विकास गरी त्यसको आधारमा कार्यक्रम गर्ने। | | पदाधिकारी | |
| | • लैङ्गिक समानतातथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) गठन गरी संजालका प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकासतालिम प्रदान गर्ने। | आ.व २०८०/०८१ | न.पा का सबै सरोकारवाला | महिला विकास शाखा |
| | • सिम्ता गाउँपालिकाको अनुगमन समितिले लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमकोअनुगमन, मूल्याङ्कन गर्दासरोकारवालालाई पुगेको लाभ, असर र प्रभावविश्लेषण गर्ने। | आ.व ०८०/०८१ | अनुगमन समिति | प्रशासन शाखा/ योजना शाखा |
| | • सिम्ता गाउँपालिकामा गठन हुने बालक्लव, आमा समुह, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखिकरण गर्ने | आ.व ०७९/०८० | महिला, बालक्लबका प्रतिनिधिहरु | महिला विकास शाखा |
| सिम्ता गाउँपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक | • सिम्ता गाउँपालिका भित्रका सबै वडाका बिभिन्न समुदायहरुमा विद्यमान लैङ्गिक विभेदको अवस्था, | आ.व ०८०/०८१ सम्म | सिम्ता गाउँपालिका सबै | महिला विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| विभेद, हिंसा र अन्य सामाजिक कु- संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभुति हुने सभ्य समाजको निर्माण गर्ने | परिमाण र समाधानका उपायहरु बारे सर्वक्षण गरी प्रतिवेदन तयार गर्ने | | | |
| | • सिम्ता गाउँपालिकाको पदाधिकारी/कमर्चारीलाई लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंसा निवारण सम्बन्धी तालिम दिने र तालिम कार्यकममा लक्षित समूह तथा महिला र पुरुषको समानसहभागिता र उपस्थिति सुनिश्चितगर्ने। | आ.व ०८०/०८१ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • सिम्ता गाउँपालिका तथा सिम्ता गाउँपालिका भित्रका सबै सरकारी कार्यलयहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ती तोक्ने। | आ.व ०८०/०८१ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • सिम्ता गाउँपालिकाले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य समेतका सबै माध्यमद्वारा लैङ्गिक हिंसा, घरेलु हिंसा, तथा सामाजिक कुरीति उल्मुलन सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्नेछ | निरन्तर | समुदायका सबै | सुचना शाखा |
| | • सिम्ता गाउँपालिका भित्र कुन वर्ग, लिङ्ग समुदायका व्यक्तिहरु लैङ्गिक विभेदको जोखिममा छन् सो को अध्ययन गरी स्थिति विश्लेषण गर्ने | आ.व २०८०/ ०८१ सम्म | हिंसा पिडित सवै | महिला विकास शाखा, वडा समिति |
| | • सबै वडाहरुमा हानिकारक सामाजिक कुसंस्कारले पारेको असर र प्रभावका बारेमा पदाधिकारी, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा कार्यरत समूह, सञ्जाल र संयन्त्रसंग समय समयमा | आ.व २०८१/ ०८२ सम्म | हिंसा पीडित महिला तथा समुह | वडा समिति |

| | | | | |
|---|---|---|---|---|
| | समिक्षा गर्ने | | | |
| | • समुदाय तह देखि महिला हिंसा बिरुद्दको सुचना र हिंसा भएमा कसरी उजुरी गर्ने कहाँ गर्ने भन्ने लगायतका सुचनाहरु स्थानीय भाषा र सबैको पहुँचमा हुनेगरी प्रवाह गर्ने | निरन्तर | हिंसा पीडित महिला तथा समूह | महिला विकास शाखा,सुचना प्रविधि शाखा, प्रहरी |
| | • हिसां मुक्त पालीका र वडा घोषण गर्न सुचक तयार गर्ने र सुचकको आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने। | आ.व २०८२/०८३ सम्म | सिम्ता गाउँपालिका सबै | म.वि शा, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति, प्रशासन शाखा |
| | • समाजमा विद्यमान हानिकारक सामाजिक मुल्य मान्यता, सोच र व्यवहार परिवर्तन गर्न रणनैतिक योजना तथा कार्यक्रम तयार गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला विकास शाखा |
| | • पालीकाको अगुवाईमा सामुदायीक संघसंस्था, युवा क्लव, बाल क्लव तथा निगरानी समुहहरुको गठन तथा परिचालन गरि लैङ्गिक विभेद तथा हिंसा नियन्त्रणका लागि ति संघसस्थाहरु संग सहकार्य समन्वय गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला विकास शाखा |
| | • लैङ्गिक हिंसामुक्त सिम्ता गाउँपालिका घोषणा गर्ने | आ.व ०८३/०८४ सम्म | न.पा. सबै | कार्यपालिका/ सभा |

## ३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागीआवश्यक संस्थागत व्यवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न निम्न समितिहरु व्यवस्था गरिने छ।

### ३.४.१. सिम्ता गाउँपालिकास्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको गठन

सिम्ता गाउँपालिका स्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको गठन यस प्रकार हुनेछ।

| | | |
|---|---|---|
| क) | सिम्ता गाउँपालिकाका अध्यक्ष | - संयोजक |
| ख) | उपाध्यक्ष | - सदस्य |
| ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) | सामाजिक विकास समितिका संयोजक | - सदस्य |
| ङ) | कार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका ३ जना | -सदस्य |
| च) | सामुदायिक संघ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका ३ जना | -सदस्य |
| छ) | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हेर्ने शाखा प्रमुख- | सदस्य सचिव |

समितिका पदाधिकारी तथा सदस्यहरु ७ देखि १३ जना सम्म रहन सक्नेछन् ।

### ३.४.२. वडास्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन

प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयनसमिति गठन गर्न सक्नेछ। सो समिति मार्फत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरसम्म पुर्याईने छ।

| | | |
|---|---|---|
| क) | वडा अध्यक्ष | - संयोजक |
| ख) | वडा सदस्य( महिला र दलित महिला सहित) | -३ जना सदस्य |
| ग) | वडा सचिव | - सदस्य सचिव |
| घ) | अतिथिः सङ्घसंस्थाबाट आवश्यकता अनुसार २ जना | - सदस्य |

### ३.४.३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने

ख) सिम्ता गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशीत दस्तावेजमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयबस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने

ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति अनुरुप लैङ्गिक तथा समाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने

घ) योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने

ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने

च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता अभिबृद्धि योजना तयार गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने

छ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने

ज) उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने।

### ३.४.४. वडास्तरको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

वडास्तरको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) सिम्ता गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समितिले गरेको कार्यहरु जस्तै ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसँग छलफल गरी लैङ्गिक

समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने

ख) सिम्ता गाउँपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृया देखि कार्यान्वयन र अनुगमनको चरण सम्म समुदायका विपन्न वर्ग, तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने

ग) सिम्ता गाउँपालिकाको वडातहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न सहयोग गर्ने

घ) सिम्ता गाउँपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाईदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने

ङ) सिम्ता गाउँपालिकाको वडा स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि क्षमता विकासको योजना तयार गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने

च) उल्लेखित कार्यहरु गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने र गराउने

### ३.४.५. वैठक, कार्यविधि र सेवासुविधा

क) सिम्ता गाउँपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासिक रुपमा बस्ने छ ।

ख) वडा स्तरीय समितिको बैठक प्रत्येक ४ महिनामा बस्ने छ।

ग) समिति र उपसमितिका वैठकहरूको कार्यविधि सिम्ता गाउँपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ ।

घ) सेवा सुविधा सिम्ता गाउँपालिकाको नियम बमोजिम हुनेछ ।

### ३.४.६ सम्पर्क व्यक्ति

सिम्ता गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्नको लागि सामाजिक विकास शाखा वा महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवालहरुलाई सम्बोधन गर्न सहज बनाउने।

## ३.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनको लागि स्रोत परिचालन

### ३.५.१ आर्थिक स्रोत

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु सिम्ता गाउँपालिकाको प्रमुख दायित्व हुनेछ। सिम्ता गाउँपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममानै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्नु पर्दछ। यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण , लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञको आपुर्ति जस्ता विविध

कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी सिम्ता गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको नीति तथा बजेटमा यो शीर्षकमा आवश्यक बजेट विनियोजन गर्ने छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणानीतिक योजना कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ ।

### ३.५.२ मानवीय स्रोत

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार सिम्ता गाउँपालिकास्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति रहने। यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ। विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील बनाउन स्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ। सिम्ता गाउँपालिकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार बनाउने छ।लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना कार्यान्वयन गर्न महिला तथा बालबालिका शाखाले जिम्मेवारी निर्वाह गर्नेछ ।

## ३.६ अनुगमन तथा मूल्याङ्कन

यो रणनीतिक योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ।

- अनुगमन समितिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी ज्ञान भएको कर्मचारी तथा पदाधिकारी र तथ्याङ्कमा काम गर्ने जनशक्ति समावेश गरिने छ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिले लिएको ध्येय, लक्ष्य,उदेश्य र कार्ययोजना कार्यान्वयनको सूचकहरु निर्धारण गरी अनुगमन तथा मुल्याङ्कन गरिने छ। हरेक आ.व.को अन्त्यमा अनुगनमन र मुल्याङ्कन गरी रणनीतिको प्रभावकारिता समिक्षा गरिने छ र आवश्यकता अनुसार संशोधन गरिनेछ।
- अनुगमन र मुल्याङ्कन टोलीमा स्थानीय सरोकारवाला र लक्षित वर्गलाई सहभागी गराईनेछ।

## ३.७ सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना कार्यान्वयनमा आउन सक्ने सम्भवित जोखिम तथा सो जोखिम न्यूनीकरणका उपायहरु

| क्र.सं. | सम्भावित जोखिम | जोखिम न्यूनिकरणका उपायहरु |
|---|---|---|
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विषय सिम्ता गाउँपालिकाको प्राथमिकतामा | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रथमिकतामा राख्न नीतिगत व्यवस्था गर्ने। |

| | | |
|---|---|---|
| | नपर्न सक्छ । | |
| २ | रणनीति कार्यान्वयन गर्न जिम्मेवार निकाय तथा सरोकारवाला बीच समन्वय नहुन सक्छ । | सरोकारवाला वीचमा नियमित समन्वय बैठक राख्ने तथा सिम्ता गाउँपालिकास्तरमा रहेका नागरिक समाज तथा सञ्जालहरुको सहकार्यमा लक्षित समुदायका व्यक्तिहरुलाई लाभान्वित गर्न सकिने बारेमा नियमित छलफल गर्ने। |
| ३ | रणनीतिक योजना कार्यान्वयनको लागि स्रोतको व्यवस्थापन | आवश्यक आर्थिक स्रोतको व्यवस्थापन सिम्ता गाउँपालिकाले गर्नेछ। स्रोत व्यवस्थापनका लागि सिम्ता गाउँपालिकाले सरोकारवाला निकायहरु, संघ, संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ। |
| ४ | सामाजिक विभेद तथा भेदभावजन्य व्यवहार र प्रचलन | समाजमा विद्यमान सबै प्रकारका विभेद तथा भेदभावजन्य प्रचलन, व्यवहार र कुरीतिहरुको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुमा र भईरहेका कानूनहरुको पुनरावलोकन गरिनेछ। चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ। कुनै पनि प्रकारको हिंसा, विभेद शोषण र हानिकारक अभ्यासहरुमा सिम्ता गाउँपालिकाले शून्य सहनशीलताको नीति लिनेछ। |